सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८३/५/३१

गृह मन्त्रालयले तयार गरेको "कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण र जफत सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" को सम्बन्धमा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको छ। सो मस्यौदा उपर कुनै राय सुझाव भए यो सूचना प्रकाशन भएको ७ दिनभित्र देहायको ढाँचामा legalsectionmoha@gmail.com मा इमेल गरी सुझाव उपलब्ध गराइदिनुहुन सम्पूर्णमा यो सूचना जारी गरिएको छ।

देहायः

राय/सुझावको ढाँचाः

क.सं.	मस्यौदा विधेयकको दफा/उपदफा	मस्यौदा विधेयकको व्यवस्था	राय/सुझाव	पुष्ट्याई

नेपाल सरकार
गृह मन्त्रालय

कसूरजन्य सम्पत्ति तथा साधानको रोक्का, नियन्त्रण र जफत सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण र जफत गर्ने कार्यलाई व्यवस्थित गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण र जफत सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा संशोधन** : प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १३ को उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) बमोजिम गरिने जफत र त्यसरी जफत भएको सम्पत्तिको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।"

३. **जलचर संरक्षण ऐन, २०१७ मा संशोधन** : जलचर संरक्षण ऐन, २०१७ को दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने कब्जा वा जफत र त्यसरी कब्जा वा जफत गरिएका सम्पत्ति वा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा ८ को उपदफा (४) बमोजिम गरिने जफत,

(ख) दफा १२ बमोजिम गरिने कब्जा।"

४. **हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन** : हातहतियार खरखजाना ऐन, २०१९ को दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. **जफत गर्ने** : (१) कुनै व्यक्तिले हातहतियार खरखजाना सम्बन्धी कसूर गरेको सावित भएमा मुद्दा हेर्ने अधिकारीले निजसँग भएको कसूरसँग सम्बन्धित सबै वा कुनै हातहतियार वा त्यसको खरखजाना वा त्यसको सम्बन्धमा प्रयोग भएको सवारी, जन्तु, बाकस वा थैली जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने जफत र त्यसरी जफत भएको सम्पत्तिको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।"

५. **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन** : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को,-

(१) दफा ११ज. को सट्टा देहाएको दफा ११ज. राखिएको छः-

"११ज. **विदेशी विनिमय तथा लिखतको कब्जाः** यस ऐन बमोजिम विदेशी विनिमय तथा सोसँग सम्बन्धित लिखतको कब्जा र सोको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।"

(२) दफा ११झ. झिकिएको छ।

(३) दफा १७ को उपदफा (१२) पछि देहायको उपदफा (१३) थपिएको छः-

"(१३) उपदफा (१) बमोजिम जफत भएको विदेशी विनिमयको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।"

६. **चिट्ठा ऐन, २०२५ मा संशोधन** : चिट्ठा ऐन, २०२५ को दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"७क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने कब्जा वा जफत र त्यसरी कब्जा वा जफत गरिएका कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा ५ बमोजिम कब्जामा लिएका कसूर सम्बन्धी वस्तुहरु,

(ख) दफा ७ बमोजिम जफत भएको बिगो।"

७. **स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा संशोधन** : स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"३२क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने नियन्त्रण वा जफत र त्यसरी नियन्त्रण वा जफत गरिएका सम्पत्ति तथा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा १९क. को उपदफा (३) बमोजिम हुने जफत,

(ख) दफा २३क. को उपदफा (१) बमोजिम गरिने नियन्त्रण वा जफत।"

८. **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** दफा २८ बमोजिम गरिने अपराधसित सम्बन्धित वस्तुको जफत र त्यसरी जफत भएका वस्तु मध्ये आखेटोपहार बाहेक अन्य वस्तुको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

९. **मदिरा ऐन, २०३१ मा संशोधन** : मदिरा ऐन, २०३१ को दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. **विवरण पठाउनु पर्ने** : विभागले देहाय बमोजिमको विवरण कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित विभागलाई त्यस्तो कार्य भए गरेको सात दिनभित्र उपलब्ध गराउनु पर्नेछः-

(क) दफा १२ र १३ बमोजिम जफत गरेको सम्पत्ति तथा साधनको विवरण,

(ख) खण्ड (क) बमोजिम जफत भएको सम्पत्ति वा साधन लिलाम गरेकोमा सोको विवरण।"

१०. **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः** कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने कब्जा वा जफत र त्यसरी कब्जा वा जफत गरिएका सम्पत्ति वा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नुपर्नेछः-

(क) दफा २ बमोजिम गरिने मालवस्तु वा रकमको जफत,

(ख) दफा १३ को उपदफा (४) बमोजिम गरिने अपराधसित सम्बन्धित मालवस्तु, सवारी साधन, कागजात वा नगदको कब्जा।"

११. **लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा संशोधन** : लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८क. पछि देहाएको दफा १८क१. थपिएको छः-

"१८१क१. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको

कारबाही गर्दा कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा ८ बमोजिमको कब्जा,

(ख) दफा ८क. र १८क. बमोजिम रकम वा सम्पत्तिको रोक्का,

(ग) दफा १५, १८ र १८क. बमोजिमको जफत,

(घ) खण्ड (ग) बमोजिम जफत भएको सम्पत्ति तथा साधनको व्यवस्थापन।"

१२. **सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ मा संशोधन** : सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. **कसूरजन्य सम्पत्ति तथा साधन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** यस ऐन बमोजिम जफत हुने बिगोको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ। (आवश्यक नरहेको होकि कसूरजन्य ऐनमा बिगोको विषय राखेर अन्यत्रबाट हटाउँदा हुन्छ कि?)

१३. **नेपाल गुणस्तर (प्रमाण–चिन्ह) ऐन, २०३७ मा संशोधन** : नेपाल गुणस्तर (प्रमाण–चिन्ह) ऐन, २०३७ को दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. **जफत भएको पदार्थहरूको व्यवस्थापनः** दफा १३ को उपदफा (६) बमोजिम हुने पदार्थहरूको जफत तथा त्यसरी जफत भएको पदार्थहरूको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

१४. **भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा संशोधन** : भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा २१ पछि देहाएको दफा २१क. थपिएको छः-

"२१क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने कब्जा वा जफत र त्यसरी कब्जा वा जफत गरिएका सम्पत्ति वा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नुपर्नेछः-

(क) दफा २० बमोजिम गरिने कब्जा,

(ख) दफा २१ को उपदफा (५) बमोजिम हुने जफत।"

१५. **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा संशोधन** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ख. को सट्टा देहायको दफा ३१ख. राखिएको छः-

"३१ख. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको कारबाही गर्दा कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा गरिने मालवस्तुको कब्जा,

(ख) दफा २९ख. बमोजिम सम्पत्तिको जफत,

(ग) खण्ड (क) र (ख) बमोजिम कब्जा वा जफत भएको मालवस्तु वा सम्पत्तिको व्यवस्थापन।

(२) दफा २३क. र २९ग. बमोजिम कारोबार, खाता वा सम्पत्तिको रोक्का, राखिएकोमा त्यसरी रोक्का राखिएको कारोबार, खाता र सम्पत्तिको विवरण आयोगले कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित विभागलाई त्यसरी रोक्का राखिएको सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ।"

१६. **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन** : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६० पछि देहाएको दफा १६०क. थपिएको छः-

"१६०क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** दफा १६० को उपदफा (१) बमोजिम गरिने सवारीको जफत तथा त्यसरी जफत भएका सवारीको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१७. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा ३२ झिकिएको छ।

(२) दफा ३३ को उपदफा (२) झिकिएको छ।

(३) दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-

"३३क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको कारबाही गर्दा कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा गरिने मालवस्तुको कब्जा वा नियन्त्रण तथा सम्पत्तिको रोक्का,

(ख) दफा ३३ बमोजिम हुने जफत,

(ग) खण्ड (क) बमोजिम कब्जा वा नियन्त्रणमा लिइएका तथा खण्ड (ख) बमोजिम जफत गरिएका सम्पत्ति तथा साधनको व्यवस्थापन।"

१८. **अन्तः शुल्क ऐन, २०५८ मा संशोधन** : अन्तः शुल्क ऐन, २०५८ को दफा २१ पछि देहायको दफा २१क. थपिएको छः-

"२१क. **विवरण पठाउनु पर्ने** : विभागले देहाय बमोजिमको विवरण कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित विभागलाई त्यस्तो कारबाही भए गरेको सात दिनभित्र उपलब्ध गराउनु पर्नेछः-

(क) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा कब्जा गरिएका वस्तुहरूको तथा सम्पत्तिको रोक्काको विवरण,

(ख) दफा १६ बमोजिम जफत गरेको सम्पत्ति तथा साधनको विवरण,

(ग) खण्ड १७ बमोजिम वस्तुहरू लिलाम गरेकोमा सोको विवरण।"

१९. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा संशोधन** : नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९६ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(९) यस दफा बमोजिम जफत हुने बिगोको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

२०. **प्रतिलिपि अधिकार ऐन, २०५९ मा संशोधन** : प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २९ पछि दफा २९क. थपिएको छः-

"२८क. **कसूरजन्य सम्पत्ति सम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** देहाय बमोजिम गरिने जफत तथा त्यसरी जफत भएका सामाग्री तथा प्रतिलिपिहरूको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा २७ को उपदफा (१) बमोजिम जफत हुने सामाग्री,

(ख) दफा २८ बमोजिम जफत हुने प्रतिलिपिहरू।"

२१. **<u>विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन</u>** : विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छः-

"५६. **<u>जफत गर्नेः</u>** (१) यस ऐन बमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरु जफत गरिनेछ।

(२) उपदफा (१) बमोजिम गरिने जफत र त्यसरी जफत गरिएका उपकरणहरूको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।"

२२. **<u>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन</u>** : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. **<u>कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः</u>** देहाय बमोजिम गरिने कब्जा वा जफत र त्यसरी कब्जा वा जफत गरिएका सम्पत्ति वा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नुपर्नेछः-

(क) दफा ७ बमोजिम गरिने कब्जा,

(ख) दफा १८ बमोजिम हुने जफत।"

२३. **<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधन</u>** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३५झ. पछि देहायको दफा ३५ञ. थपिएको छः-

"३५ञ. **<u>कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐन बमोजिम रोक्का राखिएको, नियन्त्रणमा लिइएको वा जफत भएको सम्पत्ति तथा साधनको अभिलेख तथा व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।"

२४. **<u>सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा संशोधन</u>** : सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २१ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम नष्ट गरिएको सूर्तिजन्य पदार्थको विवरण मुद्दा हेर्ने अधिकारीले कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित विभागलाई सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ।"

२५. **सङ्गठित अपराध निवारण ऐन, २०७० मा संशोधनः** सङ्गठित अपराध निवारण ऐन, २०७० को,-

(१) दफा १५ र १६ को सट्टा देहायका दफा १५ र १६ राखिएका छन्:-

"**१५. सम्पत्ति रोक्का राख्न सकिनेः** सङ्गठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मानासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति रोक्का राख्न सक्नेछ।

१६. कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिनेः (१) प्रचलित कानूनमा जुनसुकै कूरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनी विश्वास गर्नु पर्ने मानसिब कारण भएको कुनै व्यक्तिको कुनै बैङ्क वा वित्तीय संस्थामा कुनै कारोबार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले खाता रोक्का राख्न आदेश दिन सक्नेछ।"

(२) दफा ५१ को सट्टा देहायको दफा ५१ राखिएको छः-

"**५१. सम्पति वा साधन जफत हुनेः** सङ्गठित अपराध गर्न प्रयोग भएको उपकरण, वस्तु वा साधन र सङ्गठित अपराध गरी प्राप्त गरेको सम्पत्ति जफत हुनेछ।"

(३) दफा ५१ पछि देहायको दफा ५१क. थपिएको छः-

"**५१क. कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको कारबाही गर्दा कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा १५ र १६ बमोजिम सम्पत्ति, कारोबार वा खाता रोक्का,

(ख) दफा ५२ को उपदफा (१) को खण्ड (ख) बमोजिम सम्पत्तिको रोक्का,

(ग) दफा ५१ बमोजिम सम्पत्ति वा साधनको जफत,

(घ) खण्ड (ग) बमोजिम जफत भएको सम्पत्ति तथा साधनको व्यवस्थापन।"

२६. **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधन** : कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,-

(१) दफा ५ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२). दशीको रूपमा पेस भएको सम्पति वा साधन अदालतमा मुद्दा दायर गर्दा विभाग वा जिल्ला प्रशासन कार्यलयमा पठाउन अभियोगपत्र वा आरोपपत्रमा मागदावी गर्नु पर्नेछ। यसरी अदालतमा दशीको रुपमा पेस भएको सम्पत्ति वा साधन उपर अदालतले आदेश दिएमा त्यस्तो सम्पत्ति वा साधन समेत विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउनु पर्नेछ।"

(ख) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्ः-

"(३). यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएका हातहतियार, विष्फोटक पदार्थ, पुरातात्विक सम्पदा तथा साधनहरु, चौपाया, बन्यजन्तु, आखेटोपहार अनुसन्धान अधिकारीले विभाग वा जिल्ला प्रशासन कार्यालयमा जानकारी दिई प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा सुरक्षित राख्न र सोको व्यवस्थापनको लागि पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको सम्पत्ति वा साधन सुरक्षित राख्न वा अदालतको आदेश वा फैसलाबाट जफत हुनु अगावै वा जफत भए पश्चात विभाग वा जिल्ला प्रशासन कार्यालयले सो को व्यवस्थापन गर्ने कार्यको लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।"

(२) दफा ८ मा रहेका "कागजातहरु त्यस्तो सम्पत्ति वा साधन" भन्ने शब्दहरूको सट्टा "कागजातहरु कसूरको अनुसन्धानसँग सम्बन्धित जानकारी, रोक्का तथा नियन्त्रण सम्बन्धी विवरणको गोपनियता कायम राखि त्यस्तो सम्पत्ति वा साधन"

(३) दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट जफत हुने ठहर भएको बिगो, विदेशी रकम, विनिमेय अधिकारपत्र, सेयर, बण्ड, अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) ऐनको दफा २२ बमोजिमको कोषमा दाखिला गर्न बाधा पर्ने छैन।"

(४) दफा १८ को,-

(क) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) जिल्ला प्रशासन कार्यालयबाट लिलाम बिक्री गरिने सम्पति वा साधनको मूल्याङ्कन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ:

(क) प्रमुख जिल्ला अधिकारी	-संयोजक
(ख) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय	-सदस्य
(ग) तहसिलदार, जिल्ला अदालत	-सदस्य
(घ) प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय	-सदस्य
(ङ) सहायक प्रमुख जिल्ला अधिकारी	-सदस्य सचिव"

(ख) उपदफा (६) मा रहेका "मूल्याङ्कन गर्दा सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "मूल्याङ्कन गर्दा उपसिमिति गठन गर्न वा सम्बन्धित" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा १९ पछि देहायको दफा १९क. थपिएको छः-

"१९क. **<u>घर जग्गाको मूल्याङ्कन गर्ने आधारः</u>** (१) यस ऐन बमोजिम घर वा जग्गाको मूल्याङ्कन गर्दा देहाय बमोजिमको मूल्याङ्कन रकम लिई सो को औसतका आधारमा मूल्याङ्कन रकम निर्धारण गरिनेछः-

(क) घर जग्गा भएको स्थानीय तहको वडा र मालपोत कार्यालयले निर्धारण गरेको चालू आर्थिक वर्षको दररेटलाई चालीस प्रतिशत आधार लिई,

(ख) सम्बन्धित स्थानीय तहमा रहेको कुनै सरकारी बैङ्कले चालू आर्थिक वर्षमा कर्जा प्रवाहको सिलसिलामा मूल्याङ्कन गरेको मूल्यलाई साठी प्रतिशत आधार लिई।

तर, स्थानीय तहमा सरकारी बैङ्क नभए नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैङ्कले कर्जा प्रवाहको सिलसिलामा निर्धारण गरेको मूल्य लिई मूल्याङ्कन गर्नु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको विवरण प्राप्त हुन नसकेमा सम्बन्धित स्थानीय तहको दुई जना जनप्रतिनिधि र स्थानीय तीन जना

वासिन्दाबाट पंचकृत मुल्य कायम गरी सो मूल्यलाई साठी प्रतिशत कायम आधार लिनु सकिनेछ।

(घ) घर लगायत अन्य संरचनाको मूल्याङ्कन गर्दा सम्बन्धित प्राविधिकले निर्धारण गरेको मूल्य।

(२) घर जग्गाको मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(६) दफा २० को,-

(क) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तथा स्थानीय तहको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा ",स्थानीय तहको कार्यालय र विभाग तथा जिल्ला प्रशासनको कार्यालय र सूचना पाटीमा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) उपदफा (२), (४), (५) वा (६) बमोजिम लिलाम बिक्री सम्बन्धी कारवाही गर्दा समेत कसैले पनि लिलाम सकार नगरेमा वा उपदफा (२) बमोजिम लिलाम बिक्रीको लागि निकालिएको सूचना उपर कसैको निवेदन नपरेमा त्यस्तो सम्पत्ति वा साधनको पुनः मूल्याङ्कन गरी लिलाम बिक्रीको लागि बढीमा दुई पटक सात दिनसम्मको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ। यसरी सम्पत्ति वा साधनको पुनः मूल्याङ्कन गर्दा पहिलो पटक मूल्याङ्कन कायम हुन आएको मूल्यको पच्चीस प्रतिशत ह्रासकट्टी गरी र दोश्रो पटक पून मूल्याङ्कन गर्दा पहिलो पटक पुनः मूल्याङ्कन गरेको मूल्यको पच्चीस प्रतिशत ह्रासकट्टी गरी मूल्याङ्कन गर्न सकिनेछ।"

(७) दफा २१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कसूर सम्बन्धी मुद्दामा दशी प्रमाणको रूपमा अदालत समक्ष पेस भएको कुनै सम्पत्ति वा साधन त्यसै राखिराख्दा खिया लाग्ने, टुटी फुटी जाने वा अन्य कुनै कारणले हानि नोक्सानी हुने देखेमा अदालतले त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री गर्न वा त्यस्तो सम्पत्ति वा साधन वा परिच्छेद २ बमोजिम विभाग वा जिल्ला प्रशासन कार्यलयमा प्राप्त हुन आएका सम्पत्ति वा साधनको मूल्याङ्कन गरी मूल्याङ्कन वापतको रकम र प्रचलित कानून बमोजिमको कर विभागको धरौटी खातामा राखी सरकारी निकायलाई उपलब्ध गराउन वा त्यस्तो सम्पत्ति वा साधन सरकारी कामको लागि उपयोगी हुने देखिएमा त्यस्तो सम्पत्ति वा साधनको यथोचित मर्मत सम्भार गरी उपयोग गर्न आदेश दिन सक्नेछ।"

(८) दफा २२ को उपदफा (१) को खण्ड (क) मा रहेका "जफत भएको कसूरबाट प्राप्त सम्पत्ति" भन्ने शब्दहरूको सट्टा "जफत भएको बिगो वा कसूरबाट प्राप्त सम्पत्ति" भन्ने शब्दहरू राखिएका छन्।"

(९) दफा ३५ मा रहेका "जफत भएका सम्पत्तिको" भन्ने शब्दहरूको सट्टा "जफत भई नेपाल सरकारको नाममा कायम भएका सम्पत्तिको" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा ३८ को उपदफा (३) मा रहेका "जफत भई" भन्ने शब्दहरूको सट्टा "जफत भई जफत सम्बन्धी अन्य प्रकृया अघि नबढेका" भन्ने शब्दहरू राखिएको छ।

२७. **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ मा संशोधनः** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. **जफत हुनेः** (१) यस ऐन अन्तर्गतको कसूरसँग सम्बन्धित सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमुना तथा त्यस्तो कसूरमा प्रयोग भएका अन्य वस्तु, सामग्री, हातहतियार तथा सवारी साधन समेत जफत हुनेछ।

(२) उपदफा (१) बमोजिम हुने जफत र सोको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

२८. **बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधन** : बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०४ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(९) यस दफा बमोजिम जफत हुने सम्पत्ति तथा बिगोको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।" (आवश्यक नरहेको)

२९. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६७ पछी देहायको दफा १६७क. थपिएको छः-

"१६७क. **कसूरजन्य सम्पत्ति तथा साधनसम्बन्धी प्रचलित कानून बमोजिम हुने** : यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको कारबाहीको प्रक्रिया कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछः-

(क) अपराध संहिता तथा यस संहिताबमोजिमको कुनै कसूरको अनुसन्धानको सिलसिलामा गरिने कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधनको रोक्का, कब्जा, नियन्त्रण,

(ख) अपराध संहिता तथा यस संहिता बमोजिम कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधनको जफत,

(ग) खण्ड (क) र (ख) बमोजिम रोक्का राखिएको, कब्जा वा नियन्त्रणमा लिइएको वा जफत गरिएको सम्पत्ति तथा साधनको व्यवस्थापन।"

३०. **जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ मा संशोधन** : जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम जफत गरिने जीवनाशक विषादीको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।"

३१. **रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ मा संशोधन** : रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा ४८ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (१) र (३) बमोजिम गरिने जफत र सोको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

३२. **तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ मा संशोधन** : तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"२७क. **कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनः** देहाय बमोजिमको कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन कसूरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछः-

(क) दफा २६ बमोजिम कब्जा गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थ,

(ख) दफा २७ बमोजिम जफत हुने धरौटी रकम वा तेजाब वा अन्य घातक रासायनिक पदार्थ ।"

३३. **बीमा ऐन, २०७९ मा संशोधन** : बीमा ऐन, २०७९ को दफा १४१ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस दफा बमोजिम जफत हुने बिगोको व्यवस्थापन कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण र जफत सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।"

३४. **भन्सार ऐन, २०८२ मा संशोधन** : भन्सार ऐन, २०८२ को दफा १२४ को सट्टा देहायको दफा १२४ मा रहेका "भन्सार अधिकृतले जफत गरेको" भन्ने शब्दहरूको सट्टा "भन्सार अधिकृतले जफत वा लिलमा गरेको" भन्ने शब्दहरू राखिएको छ।